

मेलम्ची बजार

वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०७६/०७७

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
फोन नं. ०११-४०११४१, ०११-४०११४२ फ्याक्स : ०११-४०१०८९
इमेलः dms.melamchimun@gmail.com वेवसाइटः www.melamchimun.gov.np

मेलम्ची नगरपालिकाको नक्सा



मेलम्ची नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन २०७६/०७७

प्रकाशक

मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

संरक्षक

डम्बर बहादुर अर्याल (नगर प्रमुख)

भगवती नेपाल (नगर उपप्रमुख)

सल्लाहकार

कुमार प्रसाद कोइराला (प्रमुख प्रशासकीय अधिकृत)

रवि प्रसाद शर्मा (प्रमुख शिक्षा अधिकृत)

सम्पादन तथा प्रकाशन समिति

अधिकृत सातौं श्री झपेन्द्रराज खरेल-संयोजक

लेखा अधिकृत श्री मुरारी पुडासैनी- सदस्य

अधिकृत सातौं श्री सुधिनराज बुढाथोकी- सदस्य

ज.स्वा.अधिकृत श्री भोजराज खनाल- सदस्य

ई. श्री अर्जुन अर्याल- सदस्य

शाखा अधिकृत श्री राम कुमार के.सी.- सदस्य

सू.प्र.अ. श्री अर्पना श्रेष्ठ- सदस्य

क.अ. श्री जयराम घोरासैनी- सदस्य

ना.सु. श्री राजेन्द्र दुलाल- सदस्य सचिव

डिजाइन/ले आउट/मुद्रण

लालिगुराँस अफसेट प्रेस

मेलम्ची, सिन्धुपाल्चोक

प्रकाशन मिति

वि.सं. २०७७, पौष

प्रकाशकीय.....

नेपालको संविधानको धारा ५७ बमोजिम राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तहमा गरिएको छ । संविधानको अनुसूची ८ बमोजिम एकल अधिकार सूची अन्तर्गत स्थानीय तहले गर्ने कार्यहरु र स्थानीय सरकार संचालन ऐन, २०७४ ले सुम्पिएका प्रमुख जिम्मेवारीहरु कार्यान्वयन गर्ने क्रममा मेलम्ची नगरपालिकाबाट आ.व. २०७४/०७५ देखि नियमित रुपमा प्रकाशन गरिँदै आएको मेलम्ची नगरपालिकाको वार्षिक प्रगती प्रतिवेदन आ.व. २०७६/०७७ सम्म आइपुग्दा तेश्रो श्रृंखलाको रुपमा प्रकाशन गरिएको छ । यस प्रकाशनमा नगरपालिकाबाट सम्पादित मुख्य मुख्य कार्यहरुलाई समावेश गरिएको छ । यस प्रकाशनले नगरपालिका, यसको कार्यक्षेत्र र आ.व.२०७६/०७७ मा नगरपालिकाले सम्पादन गरेका कार्यहरुको बारेमा नगरवासी, सरोकारवाला पक्ष र आम नागरिकहरुमा सही सूचना सम्प्रेषण हुने विश्वास लिइएको छ ।

यो प्रकाशनलाई प्रतिवेदनको रुपमा तयार गर्नको लागि सामाग्री तथा सूचना एवं सहयोग प्रदान गरी आ-आफ्नो तर्फबाट महत्वपूर्ण योगदान पुऱ्याउँने मेलम्ची नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, वडा सचिवहरु र नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु प्रति कृतज्ञता व्यक्त गर्दछौं ।

प्रतिवेदनमा समावेश गरिएका सूचना तथा तथ्याङ्कहरु नीति निर्माता, अध्ययनकर्ता र स्थानीय सरकारसंग सरोकार राख्ने सबै व्यक्ति तथा संघ संस्थाहरुलाई उपयोगी हुनेछ भन्ने पूर्ण विश्वास गरिएको छ । यस प्रतिवेदनलाई पाठक र सरोकारवालाहरुको सुझावको आधारमा अध्यावधिक गर्दै लगिने भएकोले सम्बद्ध पक्षबाट रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

मन्तव्य

मेलम्ची नगरपालिकाबाट आ.व. २०७६/०७७ मा सम्पादन भएका प्रमुख कार्यहरु, नगरपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, भौतिक पूर्वाधार र नगरको विकास निर्माणको वस्तुगत अवस्था झल्कने गरी तयार पारिएको वार्षिक प्रगति प्रतिवेदनको तेश्रो अङ्क प्रकाशन गर्न पाउँदा मलाई खुशी लागेको छ ।

स्थानीय तहको निर्वाचन भएको तीन वर्ष पूरा भैसकेको छ । यस अवधिमा नगरवासीहरुसंग गरेको बाचा र कर्तव्यले हामीलाई झन् जिम्मेवारी बोध गराएको छ । नगरमा प्राप्त भएको श्रोत र साधनलाई मितव्ययी र पारदर्शी ढंगबाट परिचालन गरी नगरलाई सुन्दर र समृद्ध बनाउँन हामी प्रयत्नरत छौं ।

यस अवधिमा भूकम्प पश्चातको पुर्ननिर्माण कार्यलाई अन्तिम चरणमा पुर्याएका छौं भने नगर चक्रपथ निर्माणको थालनी, पर्यटन पदमार्गको पहिचान तथा नक्शांकन, नगर भित्रका सडकहरुको स्तरोन्नती, कृषिमा यन्त्रिकरणको लागि आधुनिक मेशिनरी औजारहरुको वितरण, नगरपालिका र गैर सरकारी संघ संस्थाको समन्वय र सहकार्यमा एक घर एक धारा खानेपानी निर्माण, शिक्षा, खेलकुद लगायतका क्षेत्रमा कार्य गरिदै आएको छ । यस कार्यले नगर भित्रको विकास निर्माण र जनताको जिवनस्तरमा परिवर्तन हुनेछ । हामी बाँकी कार्यकालमा जनताको गुनासो र आवश्यकतालाई बढी भन्दा बढी सम्बोधन गर्दै नगरको विकास गर्ने तर्फ नै केन्द्रित रहनेछौं ।

यस आ.व. को पछिल्लो चौमासिक हाल महामारीको रुपमा विश्वभर फैलिएको कोरोना भइरस (कोभिड–१९) को करण स्वास्थ्य संकटपूर्ण अवस्थामा गुज्रन पुग्यो । विश्व मानवजातीकै संकटपूर्ण अवस्थाको बाबजुत हामीले नगर भित्रका हामी सबै नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै कोरोना बिरामीहरुको उपचारको लागि आइशोलेशन वार्ड र कोरोना संक्रमण रोकथाम गर्नको लागि विभिन्न क्वारेन्टाइन भवनहरुको व्यवस्थापन गर्यौं ।अझै पनि यस महामारीको कुनै पनि औषधि उपचारको व्यवस्था हुन सकेको छैन र हामी अझै पनि यस महामारीको बिरुद्द लडिरहेका छौं ।

नगरपालिकाले यस आ.व.मा सम्पादन गरेका कार्यहरुलाई समेटेर वार्षिक प्रगती प्रतिवेदनको तेश्रो अङ्क प्रकाशन गर्न लागेको छ । यस प्रतिवेदनमा प्रस्तुत गरिएका सूचना तथा तथ्याङ्कहरुले मेलम्ची नगरपालिकाको समग्र विकास निर्माण र नगरबाट भए गरेका काम कारवाहीहरुको अवस्था कस्तो रह्यो भन्ने बारेमा अनुमान गरी आगामि दिनमा नगरले गर्ने विकास निर्माणको काममा सुधार गर्ने कार्यमा सहयोग पुग्ने अपेक्षा गरेको छु । साथै प्रतिवेदनमा समावेश भएका सूचना तथा तथ्याङ्कहरु नीति निर्माता, अध्ययनकर्ता र स्थानीय तहसंग सरोकार राख्ने सबै व्यक्ति तथा संघ संस्थाहरुलाई उपयोगी हुने कुरा व्यक्त गर्दै सरोकार राख्ने सम्पूर्ण पक्षबाट सहयोगको अपेक्षा राखेको छु ।

वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने नगरपालिकाका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

(डम्बर बहादुर अर्याल)
नगर प्रमुख

फोन नं :०११-४०११४१, ०११-४०११४२ वेवसाईड : www.melamchimun.gov.npई-मेल melamchimun@gmail.com फ्याक्स :-०११-४०१०८९

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

मन्तव्य

मेलम्ची नगरपालिकाको निर्वाचन भई तीन वर्ष व्यतित भैसकेको यो अवसरमा हामी जनताबाट निर्वाचित जनप्रतिनिधीहरुले सम्पन्न गरेका मुख्य मुख्य विकास निर्माणका कार्यहरुलाई लिपिवद्ध गरी वार्षिक प्रगती प्रतिवेदनका रुपमा तेश्रो अङ्क प्रकाशन गर्न पाउँदा मलाई धेरै खुशी लागेको छ ।

स्थानीय तहको निर्वाचन पश्चात मेलम्ची नगरपालिकाबाट सम्पादन हुने कार्यहरुलाई पारदर्शी र मितव्ययी बनाई स्थानीय जनतालाई नै सर्वोपरी ठानी नगरपालिकाको काम कारवाहीहरु अगाडि बढाइएको छ । मेलम्ची नगरपालिकालाई जिल्लाकै समृद्ध नगरपालिका निर्माण गर्ने उद्देश्यले कृषि, पर्यटन, उद्योग र जलाधारलाई विकासको चार खम्मे नीतिको रुपमा अंगिकार गरी अगाडि बढाइएको छ । सोही नीति र मार्गदर्शनको परिधि भित्र रही जनताको आवश्यकता अनुसारका विकासका कार्यक्रमहरुलाई प्रथमिकतामा राखी कार्य गरिएको छ ।

विश्वव्यापी ढंगबाट महामारीको रुपमा फैलिएको कोरोना भइरस (कोभिड–१९) ले विश्व मानव जीवनको स्वास्थ्य र आर्थिक विकासलाई संकटपूर्ण अवस्थामा पुर्यायो । कोरोना संक्रमणको बढ्दो संकटपूर्ण अवस्थाबाट यस आ.व.को पछिल्लो चौमासिकमा भौतिक पूर्वाधार लगायत अन्य विकास निर्माणका कार्यहरुमा प्रतिकूल असर पर्यो । यसका बाबजुत पनि हामी कोरोना रोकथाम तथा नियन्त्रण र नगरको समग्र विकास निर्माणका कार्यमा अगाडि बढिरहेका छौं ।

मेलम्ची नगरपालिकाले आ.व. २०७६/०७७ मा सम्पादन गरेका प्रमुख कार्यहरुलाई संक्षिप्त रुपमा यस वार्षिक प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यो प्रतिवेदनबाट सम्पूर्ण नगरवासी र इच्छुक अध्ययनकर्ताहरुले नगरको काम कारवाहीहरुलाई शुक्ष्म ढंगले अध्ययन गर्ने अवसर प्राप्त गर्नुहुनेछ भने यो प्रतिवेदन नगरको वस्तु स्थितिको बारेमा थप जानकारी प्राप्त गर्ने एक सन्दर्भ सामाग्री हुनेछ । यस प्रतिवेदनमा नगरपालिका र अन्तर्गत वडा कार्यालयहरुबाट सम्पादन गरेका मुख्य मुख्य कार्यहरुलाई समेट्ने प्रयास गरिएको छ ।

अन्त्यमा, वार्षिक प्रतिवेदन प्रकाशनको लागि अहोरात्र खट्नुहुने कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी दिनमा नगरबाट भएका कमी कमजोरीहरुलाई सुधार गर्दै समृद्ध नगरपालिका निर्माणको लागि रचनात्मक भूमिका निर्वाह गरी आवश्यक सहयोग र सल्लाह प्रदान गर्नको लागि सबै राजनैतिक दल र नगरवासीहरुमा पूर्ण अपेक्षा गर्दछु ।

धन्यवाद ।

(भगवती नेपाल)
उपप्रमुख

फोन नं :०११-४०११४१, ०११-४०११४२ वेवसाईड : www.melamchimun.gov.npई-मेल melamchimun@gmail.com फ्याक्स :-०११-४०१०८९

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

मन्तव्य

मेलम्ची नगरपालिकाले आ.व. २०७६/०७७ मा सम्पादन गरेका महत्वपूर्ण कार्यहरुलाई समेटी वार्षिक प्रगति प्रतिवेदनको तेश्रो अङ्क प्रकाशन गर्न पाउँदा मलाई खुशी लागेको छ ।

मेलम्ची नगरपालिकाले स्थानीय जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रमहरुका साथसाथै नगरको भौतिक पूर्वाधार निर्माण र दिगो विकास निर्माणका कामहरु गर्दै गइरहेको छ । संघीयताको मर्म र भावना अनुसार विकासका अनुभूतिहरु स्थानीय सरकारको तल्लो र कमजोर तहसम्म पुगोस् र जनताका आवजहरु स्थानीय सरकारसम्म पुगुन् भन्ने दृष्टिकोणबाट नगरमा विकास निर्माणका कार्यहरु सम्पादन गरिएको छ । नगरपालिकाले तय गरेको कृषि, पर्यटन, उद्योग र जलाधारको मुल उद्येश्यलाई आत्मसाथ गर्दै नगरको आवधिक नगर विकास योजना अनुरुप नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिँदै आएको छ ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) संक्रमणले आम मानिसको जनजिवनलाई अस्तव्यस्त पारेको छ । विश्व मानचित्रमा मानव स्वास्थ्य संकटको रुपमा उभिएको यस संक्रमणलाई रोकथाम गर्न कम चुनौतिपूर्ण विषय छैन । यसको रोकथाम तथा नियन्त्रणको लागि आइसोलेशन वार्ड देखि क्वारेन्टाइन गृहको उचित व्यवस्थापन गरी कोरोना संक्रमित बिरामीहरुको यथोचित हेरचाह, उपचार र व्यवस्थापनका कार्यहरु गरिएको छ । संक्रमणको यस घडीमा क्षमता विकासका कार्यक्रमहरु गर्न सकिएको छैन । यसका बाबजुत पनि आ.व. २०७६/०७७ मा नगरबाट सम्पादन गरिएका कार्यहरुलाई समेटेर वार्षिक प्रगती प्रतिवेदन निर्माण गर्ने कार्यले अग्रता पाएको छ ।

यस वार्षिक प्रतिवेदनमा प्रस्तुत गरिएका सूचना तथा तथ्याङ्कहरुले मेलम्ची नगरपालिकाको समग्र विकास निर्माण र भए गरेका काम कारवाहीहरुको अवस्था कस्तो रह्यो भन्ने बारेमा जानकारी प्रदान गरी सम्बन्धित सरोकारवालाहरुलाई लाभान्वित पुर्याउँने छ भन्ने अपेक्षा गर्दछु ।

अन्त्यमा, सरल र सबैले बुझ्ने शैलीमा सम्बन्धित विषयवस्तुहरुको संहिताबद्ध संयोजन गरी वार्षिक प्रतिवेदन निर्माण र प्रकाशन गर्नमा सहयोग गर्नुहुने नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

(कुमार प्रसाद कोइराला)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं :०११-४०११४१, ०११-४०११४२ वेवसाईड : www.melamchimun.gov.npई-मेल melamchimun@gmail.com फ्याक्स :-०११-४०१०८९

विषय–सूची

भाग–१

१ विषय प्रवेश

१.१ पृष्ठभूमि १

१.२ नगरपालिकाको परिचय १

१.२.१ हावापानी, जलवायु तथा वर्षा २

१.२.२ वन, वनस्पति तथा वन्यजन्तुहरू २

१.२.३ सिंचाई ३

१.२.४ भाषा, धर्म, जातजाती तथा जाडपर्वहरु ३

१.२.५ वित्तिय तथा सहकारी संस्था ३

१.२.६ कृषि, उद्योग, व्यवसाय तथा पर्यटन ४

१.२.७ गैर सरकारी संस्था र समूहहरु ४

१.२.८ सूचना तथा सञ्चार प्रणाली ५

१.२.९ यातायात ५

१.२.१० खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन ५

१.२.११ सामुदायिक तथा सस्थागत विद्यालय ६

१.२.१२ स्वास्थ्य ६

२. कार्य क्षेत्र ६

३. कानूनी क्षेत्राधिकार ७

भाग– २

२.१ वडागत वस्तुगत विवरण ९

२.२ मेलम्ची नगरपालिका अन्तर्गत रहेका सडक/योजनाहरुको विवरण २२

२.३ नगर सभा सम्पन्न २४

२.४ मेलम्ची नगरपालिकामा हालसम्म प्राप्त भएको जग्गा सम्बन्धी विवरण २४

२.५ पूर्वाधार विकास शाखाबाट सम्पादन भएका कार्यहरु २६

२.५.१ खानेपानी निर्माण २६

२.५.२ नगरपालिका जोड्ने सडक निर्माण ३०

२.५.३ बसपार्क निर्माण ३०

२.५.४ झोलुङ्गे पुल निर्माण ३१

२.५.५ सडक ढलान ३२

२.५.६ पार्क निर्माण ३२

२.५.७ आ.व. २०७६/०७७ मा स्तरोन्नती गरिएका सडकहरुको विवरण ३३

२.५.८ मेलम्ची सिटीपार्क निर्माण ३४

२.५.९ नगर चक्रपथ निर्माण ३५

२.६ योजना शाखाबाट आ.व. २०७६/०७७ मा सम्पन्न भएका योजना तथा प्रगती ३७
२.७ भवन, पुनर्निर्माण, वन वातावरण तथा विपद् व्यवस्थापन कार्य ६७
२.७.१ नगरपालिका भवन निर्माण ६७
२.७.२ मनमोहन स्मृति भवन निर्माण ६८
२.७.३ वडा कार्यालय भवन निर्माण ६८
२.७.४ सार्वजनिक जग्गा संरक्षण ७०
२.७.५ पुर्ननिर्माणसंग सम्बन्धी कार्यहरु ७०
२.७.६ एकिकृत बस्ती निर्माण ७२
२.७.७ आ.व. २०७५/०७६ मा निर्माण भएका RCC तथा लोड बियरिङ्ग घरहरुको तथ्याङ्क ७३
२.७.८ विपद् व्यवस्थापन ७४
२.७.९ फोहरमैला व्यवस्थापन ७४
२.७.१० मेलम्ची नगरपालिका अन्तर्गत रहेका सामुदायिक वनको विवरण ७५

२.८ राजस्व प्रवद्र्धन तथा उपभोक्ता हित सम्बन्धी कार्य ७८
२.८.१ बजार अनुगमन ७८
२.८.२ नगरपालिकाको राजस्व सुधार कार्य योजना तयार ७८
२.८.३ राजस्व, नापतौल तथा गुणस्तरता सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम ७९
२.८.४ सार्वजनिक जग्गा संरक्षण ८०
२.८.५ ढुङ्गा, गिटी, बावुलाको आन्तरिक आय ठेक्का बन्दोबस्त कार्य ८१

२.९. शिक्षा तथा खेलकुद ८१
२.९.१ विद्यालय समायोजन ८१
२.९.२ विद्यालय भौतिक पूर्वाधार निर्माण ८३
२.९.३ विद्यालयमा विभिन्न कार्यक्रमका लागि अनुदान निकासा ८३
२.९.४ सिकाइ सुदृढिकरणका लागि प्रोत्साहन अनुदान वितरण ८५
२.९.५ स्थायी शिक्षकहरुको पदस्थापन ८६
२.९.६ नगरस्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) संचालन तथा व्यवस्थापन ८६
२.९.७ अतिरिक्त क्रियाकलाप संचालन तथा व्यवस्थापन ८६
२.९.८ विद्यालयहरुको अनुगमन तथा निरीक्षण ८७
२.९.९ विद्यालयमा दिवा खाजा व्यवस्थापन ८७
२.९.१० सामुदायिक विद्यालयमा स्यानिटरी प्याड व्यवस्थापन ८७
२.९.११ शैक्षिक तथ्यांक व्यवस्थापन ८७
२.९.१२ नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगित संचालन तथा व्यवस्थापन ८७

२.१० सामाजिक सुरक्षा तथा पञ्जिकरण ८९
२.१०.१ सामाजिक सुरक्षा भत्ता वितरण र सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न ८९
२.१०.२ सामाजिक सुरक्षा कार्यक्रम ८९
२.१०.३ आ.व. ०७६/७७ मा वितरण गरिएको सामाजिक सुरक्षा भत्ता विवरण ९०
२.१०.४ २०७६ वैशाख देखि २०७६ चैत्र मसान्तसम्मको व्यक्तिगत घटना दर्ता विवरण ९१
२.११. महिला तथा बालबालिका सम्बन्धी कार्यहरु ९२
२.११.१ ज्येष्ठ नागरिक दिवस सम्पन्न ९३
२.११.२ बाल सञ्जाल पुनर्गठन ९३
२.११.३ मानब बेचबिखन तथा ओसारपसार विरुद्धको दिवस सम्पन्न ९४
२.११.४ महिला तथा बालबालिका शाखाबाट सम्पादन भएका अन्य कार्यहरु ९४
२.१२ स्वास्थ्य शाखाबाट सम्पादन भएका कार्यहरु ९६
२.१२.१ आ.व. २०७६/०७७ मा सम्पादन भएका कार्यक्रम र प्रगति ९६
२.१२.२ कोभिड १९ मा भएका कार्यहरुको प्रगति विवरण ९७
२.१२.३ कोभिड १९ रोकथाम तथा नियन्त्रणमा भएका कार्य प्रगति ९८
२.१२.४ आ.व. २०७६/०७७ मा मेलम्ची नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा सम्बन्धी विवरण १०२
२.१२.५ राष्ट्रिय आरोग्य दिवस तथा धनवन्तरी जयन्ती सम्पन्न १०६
२.१२.६ विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सम्पन्न १०७
२.१२.७ आयुर्वेद गाउँघर/शहरी क्लिनिक नसर्ने रोग व्यवस्थापन तथा उपचार सेवा १०७
२.१२.८ औषधि खरिद १०८
२.१२.९ आयुर्वेद औषधालयहरुवाट उपचार गरिएका विरामीहरुको विवरण १०८
२.१२.१० पन्चकर्म सेवा संचालन १०९
२.१२.११ कोभिड -१९ मा आयुर्वेद स्वास्थ्य सेवा १०९

२.१३ पशु सेवा शाखाबाट सम्पादन भएका कार्यहरु ११०
२.१३.१ पशु उपचार सेवा कार्यक्रम ११०
२.१३.२ मल्टि च्याफ्कटर वितरण कार्यक्रम ११०
२.१३.३ बोयर बोका उत्पादन श्रोत केन्द्र सहयोगका लागि बोयर बोका सहयोग कार्यक्रम ११२
२.१३.४ बंगुरको पाठापाठी वितरण ११२
२.१३.५ पशु सेवा शाखाबाट आ.व. २०७६/०७७ मा सम्पन्न भएका तालिम कार्यक्रमहरु ११४
२.१३.६ जैं घाँसको बिउ वितरण ११६
२.१३.७ युवा लक्षित कार्यक्रम अन्तर्गत गाईभैंसी, बाखा, बंगुर व्यवसाय प्रवर्द्धन कार्यक्रम ११६
२.१३.८ मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम ११८
२.१३.९ नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम ११९
२.१३.१० पशुपन्छीपालन फर्म सुचिकृत ११९

२.१३.११ मेलम्ची नगरपालिका क्षेत्रभित्र रहेका दुग्ध संकलन केन्द्र तथा दुग्ध चिस्यान केन्द्रहरुको बिवरण १२२
२.१३.१२ मेलम्ची नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका पशुपंक्षीजन्य औषधि पसलहरुको विवरण १२३

२.१४. कृषि विकास शाखाबाट सम्पादन भएका कार्यहरु १२४
२.१४.१ आ.व. २०७६/०७७ मा कृषि विकास शाखाबाट सम्पादन भएका मुख्य कार्यक्रमहरु
२.१४.२ ५० प्रतिशत अनुदानमा मिनिटिलर प्राप्त गर्ने कृषक समूह, कृषि सहकारी, तथा कृषि फर्मको विवरण १२८
२.१४.३ ५० प्रतिशत अनुदानमा मल्टि क्रप थ्रेसर प्राप्त गर्ने कृषक समूह, कृषि सहकारी, कृषि फर्मको विवरण १३०
२.१४.४ ५० प्रतिशत अनुदानमा कोदो चुटने मेसिन प्राप्त गर्ने कृषक समूह, कृषि सहकारी, कृषि फर्मको विवरण १३०
२.१४.५ ५० प्रतिशत अनुदानमा मिटिलर प्राप्त गर्ने कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्मको विवरण १३०
२.१४.६ समुदाय व्यवस्थित सिचिंत कृषि क्षेत्र आयोजना अन्तर्गत ५० प्रतिशत अनुदानमा मिटिलर प्राप्त गर्ने कृषकहरुको विवरण १३१
२.१४.७ मागमा आधारित कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा प्लाष्टिक टनेल यु भि प्राप्त गर्ने कृषकहरुको विवरण १३१
२.१४.८ मागमा आधारित कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा प्लाष्टिक टनेल यु भि रोलमा प्राप्त गर्ने कृषकहरुको विवरण १३३
२.१४.९ च्याउ खेतीको लागि डुम घर प्राप्त गर्ने लाभग्राहिको विवरण १३३
२.१४.१० मागमा आधारित कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा थोपा सिचाइ सेट पाइप र फिटिङ प्राप्त गर्ने कृषकहरुको विवरण १३५
२.१४.११ बर्षे फलफुल अन्तर्गत ७५ प्रतिशत अनुदानमा कागतीको विरुवा प्राप्त गर्ने लाभग्राहिको विवरण १३५
२.१४.१२ बर्षे फलफुल अन्तर्गत ७५ प्रतिशत अनुदानमा सुन्तलाको विरुवा प्राप्त गर्ने लाभग्राहीको विवरण १४०
२.१४.१३ बर्षे फलफूल अन्तर्गत ७५ प्रतिशत अनुदानमा जुनारको विरुवा प्राप्त गर्ने लाभग्राहिको विवरण १४३
२.१४.१४ मागमा आधारित कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा प्लाष्टिक टनेल ६८१२ मिटर र ५८१२ मिटर को सिल्फोलिन प्राप्त गर्ने कृषकहरुको विवरण १४५
२.१४.१५ कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा न्याफस्याक स्प्रेयर प्राप्त गर्ने कृषकहरुको विवरण १५०
२.१४.१६ बाली बिविधिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा वितरण गरीएको

खाली मौरी घार प्राप्त गर्ने कृषकहरुको विवरण १५५
२.१४.१७ बाली बिविधिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा गोला सहितको मौरी घार प्राप्त गर्ने कृषकहरुको विवरण १५६
२.१४.१८ हिउदे फलफूल अन्तर्गत ७५ प्रतिशत अनुदानमा लप्सिको विरुवा प्राप्त गर्ने लाभग्राहीको विवरण १५६
२.१४.१९ विगत तिन वर्ष देखि भएका महत्वपूर्ण कार्यहरु १५७
२.१४.२० हाल सम्म नविकरण भएका कृषक समूहको विवरण १६३
२.१४.२१ हाल सम्म दर्ता भएका कृषक समूहको विवरण १६४
२.१४.२२ हालसम्म सुचिकृत भएका कृषि फर्मको विवरण १६६
२.१४.२३ उत्पादन मुलक कार्यक्रमहरु १७८

२.१५ सहकारी शाखबाट सम्पादन भएका कार्यहरु १७२

२.१६ विविध कार्यहरु १७५
२.१६.१ राजश्व सफट्वेयर तालिम १७५
२.१६.२ सफ्टवेयर संचालन तथा क्षमता विकास सम्बन्धि तालिम १७५
२.१६.३ नँया प्रणालीको जडान १७६
२.१६.४ न्यायिक कार्यको सम्पादन १७६
२.१६.५ प्रधानमन्त्री रोजगार कार्यक्रम १७८

भाग – ३
३.१ नगरपालिकाको जनशक्ति र संगठन संरचना १८२

भाग – ४
४.१ नगरपालिकाको राजस्व संकलनको अवस्था १८५
४.२ आ.व. २०७६/०७७ को एकिकृत आय व्यय विवरण १८६
४.३ नगरपालिकाको जिन्सी विवरण १९०

भाग – ५
५.१ कार्यालयको आगामी गन्तव्य १९८

भाग-एक

विषय प्रवेश

१.१ पृष्ठभूमि

वि.सं. २०७१ साल मंसिर १६ गते नेपाल सरकारको निर्णय बमोजिम साविकका ७ वटा गाविसहरु (मेलम्ची, ज्यामिरे, शिखरपुर, तालामाराङ, सिन्धुकोट, बाँसवारी र फटकशिला) मिलाएर मेलम्ची नगरपालिका गठन गरिएकोमा राज्यको पुर्नसंरचना पश्चात वि.स. २०७३ साल फाल्गुण २६ गते साविकका ४ वटा गाविसहरु (भोटेचौर, हैबुङ, थकनी र दुवाचौर) समेत थप गरी मेलम्ची नगरपालिकाको पुर्नगठन भएको छ । पुर्नगठन पश्चात यस नगरपालिकामा हाल १३ वटा वडाहरु रहेका छन् ।

१५८.१७ वर्ग कि.मी. क्षेत्रफल भएको यस नगरपालिकामा २०६८ को राष्ट्रिय जनगणना अनुसार कूल जनसंख्या ४५३४३ रहेकोमा पुरुषको जनसंख्या २३६१४ र महिलाको जनसंख्या २१७२९ रहेको छ भने जम्मा ९९९२ घरधुरीहरु रहेका छन् । नेपालको संविधान, २०७२ ले दिएको अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था तथा मेलम्ची नगरपालिकाबाट जारी गरिएको ऐन, नियमावली र कार्यविधि बमोजिम यस नगरपालिकाले आफ्ना विकास निर्माणका कार्यहरुका साथै विषयगत शाखाहरु शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, सहकारी, महिला तथा बालबालिका, सामाजिक विकास, योजना लगायतका शाखाहरुसंग सम्बन्धित शाखाबाट सम्पादन हुने कार्यहरु नियमित रुपमा संचालन गर्दै आइरहेको छ ।

१.२ नगरपालिकाको परिचय

नेपालको राजधानी काठमाण्डौबाट उत्तर–पूर्वमा पर्ने बागमती प्रदेश अन्तर्गत रहेको सिन्धुपाल्चोक जिल्लाका १२ वटा स्थानीय तहहरुमध्ये मेलम्ची नगरपालिका एक हो । यस नगरपालिकाको पूर्वमा ईन्द्रावती गाउँपालिका, पश्चिममा काठमाडौं जिल्लाको शंखरापुर नगरपालिका र नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका, उत्तरमा हेलम्बु र पाँचपोखरी थाङपाल गाउँपालिका तथा दक्षिणमा काभ्रेपलाञ्चोक जिल्लाको मण्डन देउपुर नगरपालिका रहेको छ ।

यस नगरपालिकाले तय गरेको विकासका चार खम्बे नीति कृषि, पर्यटन, उद्योग र जलाधारलाई मध्यनजर गर्दै नगरपालिकाले कृषि, पर्यटन, उद्योग र जलाधारको विकासलाई प्राथमिकतामा राखी कार्य गर्दै आइरहेको छ । नगरपालिका क्षेत्र भित्रका कृषि योग्य जमिनको पहिचान गरी केही क्षेत्रहरुलाई मकै जोन, कागती पकेट, किवी पकेट र चिया पकेट क्षेत्रको रुपमा घोषणा गरी कार्यक्रम अघि बढाइएको छ । यस नगरपालिका क्षेत्रको

ईन्द्रावती तथा मेलम्ची नदीलाई पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले कसरी उपयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्भाव्यता अध्ययनको कार्य भैरहेको छ ।

मेलम्ची नगरपालिकाको परिचय संक्षिप्त रुपमा देहायका बुँदाहरुको आधारमा गरिएको छ :

१.२.१ हावापानी, जलवायु तथा वर्षा

भौगोलिक विविधताको कारण नगरपालिकाको विभिन्न क्षेत्रमा पाइने हावापानी फरक फरक प्रकारको रहेको छ । उचाईको वृद्धि सँगसँगै चिसोको मात्रामा वृद्धि हुँदै जाने हुँदा यहाँ तातो हावा बहने मेलम्ची नदी किनारको क्षेत्र देखि बाह्रै महिना चिसो हुने भोटेचौर, हैबुङ्ग, गुफा चांखु जस्ता स्थानहरु रहेका छन् । यस नगरपालिकामा चैत्र महिना देखि असोजको प्रारम्भसम्म गर्मी र असोज देखि फागुन महिनासम्म जाडो हुने भएकोले यहाँको हावापानीमा मौसम अनुसार विविधता रहेको पाइन्छ ।

यस नगरपालिकामा ग्रिष्म र वर्षा ऋतुमा मनसुनी बर्षा बढी हुने गर्दछ । मेलम्ची नगरपालिका दक्षिणपूर्वी मनसुन प्रभावित क्षेत्रमा पर्ने हुनाले असार देखि भाद्रसम्ममा प्रशस्त पानी पर्दछ । नगरका मुख्य जलाधार क्षेत्रहरू न्यून चापीय वायु हुँदै जाने हुनाले यस क्षेत्रमा बढी वर्षा हुने गर्दछ । समग्र नगरमा बार्षिक सरदर १६१५ मि. लि. सम्म बर्षा हुने गर्दछ ।

१.२.२ वन, वनस्पति तथा वन्यजन्तुहरू

महाभारत क्षेत्र अन्तर्गत पर्ने मेलम्ची नगरपालिका जैविक विविधताले महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा पाइने मुख्य जडिबुटीहरूमा लोठसल्ला, सुगन्धवाल, चिराईतो, जटामसी, धसिंगरे, कुटकी, पाखनवेद, कुरिलो, सतिवयर, नूनढिकी, झ्याउ, पदमचाल, गुराँस, लप्सी, बेल, चुत्रो, दामपाते, घ्युकुमारी, काँचोपात, दतिवन आदि हुन् । यस क्षेत्रमा जडिबुटीको प्रचुर संभावना रहेकोले केही स्थानीय व्यक्तिहरुले व्यवसायिक रुपमा जडिबुटी खेती गर्न सक्ने संभावना रहेको छ भने केही किसानहरूले जडिबुटी खेतीको शुरूवात गरेका छन् । यस क्षेत्रमा पाइने रुख विरुवाहरुमा साल, अस्ना, खयर, कटुस, चिलाउने, उत्तिस, सल्ला, मौवा, लाँकुरी, गुराँस मूख्य रुपमा रहेका छन् । त्यस्तै डाले घाँसमा चिउरी, बडहर, कुटमिरो, किम्बु, खनिउँ, इपिल आदि पाइन्छ । वन क्षेत्रको विकास विस्तार र संरक्षणको लागि केही सामुदायिक तथा कवुलियत वन उपभोक्ता समितिहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

यस नगर क्षेत्रमा पाइने मुख्य जनावरहरूमा सालक, चितुवा, बाघ, भालु, बँदेल, दुम्सी, खरायो, स्याल, रतुवा मृग, बाँदर आदि छन् भने चराचुरूङ्गीमा काग, परेवा, चिवे, कालिज, हुचिल, लाटोकोसेरा, भंगेरा, मैना, सुगा, बाज, ठेउवा, जुरेली, फिस्टा, तित्रा, बकुल्ला, चिल, गिद्ध, ढुकुर जस्ता पंक्षीहरु रहेका छन् । विभिन्न किसिमका माछाहरु, गोहोरो, सर्प, छेपारो, माउसुली, भ्यागुतो, विच्छी, फट्यांग्रा, मौरी, अरिङ्गाल, बारूलो लगायतका विभिन्न जिवजन्तु तथा किराहरू पाइन्छ ।

१.२.३ सिंचाई

यस नगरपालिका क्षेत्रमा रहेको कूल ६१९३ हेक्टर खेतीयोग्य जमिन मध्ये ३५५३ हेक्टर जमिन सिंचित रहेको छ भने २६४० हेक्टर जमिनमा सिंचाई पुग्न सकेको छैन । नगरको सिंचित क्षेत्रफल न्यून रहेकोले अधिकाशं कृषि उत्पादन वर्षाको पानीमा निर्भर रहनुपर्ने अवस्था छ । पानीको उच्चतम् उपयोग गर्न थोपा सिंचाई, आकाशे सिंचाई तथा प्लाष्टिक पोखरी जस्ता सुख्खा क्षेत्रमा अपनाइने सिंचाईका नयाँ प्रविधिले नगरको कृषि उत्पादनमा निकै सघाउ पुर्याएको छ ।

१.२.४ भाषा, धर्म, जातजाती तथा जाडपर्व

मेलम्ची नगरपालिका भित्र हिन्दु, बौद्ध, क्रिश्चियन लगायतका धर्मावलम्बीहरुको बसोबास रहेको पाइन्छ । यस क्षेत्रमा बोलिने मातृ भाषामा नेपाली, नेवारी, तामाङ, दनुवार, माझी, मगर, शेर्पा आदि रहेका छन ।

मेलम्ची नगरपालिका क्षेत्रभित्र महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरु रहेका छन् । यस क्षेत्रमा त्रिवेणीघाट, फट्केश्वर महादेव, ईन्द्रेश्वर महादेव, कोटदेवी, सितलादेवी, धौलेश्वरी, कुण्डेश्वर, सिद्धेश्वर, कृष्ण मन्दिर लगायका अन्य मठ मन्दिर र गुम्बाहरु रहेका छन् । यस नगरपालिका क्षेत्रमा विशेषगरी ब्राह्म्मण तथा क्षेत्री जातीले दशै, तिहार, मातातिर्थ औंसी, बुद्ध जयन्ती, गुरु पुर्णिमा, साउने संक्रान्ती, नाग पञ्चमी, रक्षा बन्धन, कृष्ण अष्टमी, तीज, सोह्र श्राद्ध, धान्य पुर्णिमा, स्वस्थानी पूजा, माघे संक्रान्ती, श्रीपञ्चमी, महाशिवरात्री, फागु पुर्णिमा, चैते दशैं आदि पर्वहरु मनाउने गर्दछन् भने ल्होसार, घेवा जस्ता पर्व तथा रितिरिवाज तामाङ समुदायले मनाउँछन् । नेवार समुदायले ब्राह्म्मण समुदायले मनाउँने अन्य चाडपर्वको अलवा तिहारको भाइटिकाको दिन म्ह पूजा समेत गर्दछन् । त्यसैगरी माझी समुदायमा आफ्नो पितृको सम्झनामा पित्रा देखाउने प्रचलन रहेको छ ।

यस नगरपालिकामा रहेको कूल जनसंख्याको जातीय बनावट हेर्दा बहु–साम्प्रदायीक जात जातीहरू पाउन सकिन्छ । खास गरी मंगोलियन र आर्य सम्प्रदायहरू अन्तर्गतका विभिन्न जात जातीहरू विगत देखि नै बसोवास गर्दै आएका छन् । मंगोलियन सम्प्रदायहरूमा तामाङ्ग, मगर, गुरूङ्ग, दनुवार, माझी आदि मुख्य रहेका छन् ।

१.२.५ वित्तीय तथा सहकारी संस्था

नेपालको राजधानी काठमाडौं देखि नजिकै रहेर पनि यस क्षेत्रमा पर्याप्त मात्रामा बैकिङ सेवाको विकास हुन सकेको छैन । नगरपालिका भित्र सरकारी बैंकका रुपमा नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक लि. सञ्चालनमा रहेका छन् भने सिभिल बैंक, सिन्धु विकास बैंक, कुमरी बैंक, लक्ष्मि बैंक, देव विकास बैङ्क र वित्तिय संस्थाहरुमा लक्ष्मी लघुवित्त, आरम्भ लघुवित्त, डिप्रोक्स लघुवित्त, मानुषी लघुवित्त, एन.एम.बि लघुवित्त, सामुदायिक लघुवित्त, मेरो माइक्रो फाइनान्स, ग्लोबल आइ एम ई लघुवित्त लगायतका वित्तिय संस्थाहरु सञ्चालनमा रहेका छन् । त्यसैगरी रिलयाबल बिमा कम्पनी, सिटिजन बिमा कम्पनी, सनलाइफ इन्सुरेन्स,

युनियन लाइफ इन्सुरेन्स, एशियन लाइफ इन्सुरेन्स, नेपाल लाइफ इन्सुरेन्स कम्पनीहरुले बिमा कम्पनीको रुपमा कार्य गरिरहेका छन् । बैंक तथा वित्तिय संस्था र बिमा कम्पनीहरु बजार क्षेत्रमा मात्र संचालन हुने प्रवृत्तिको कारण नगरका अन्य दुर्गम स्थानहरुमा वित्तिय संस्थाहरुको उपस्थिति रहन सकेको छैन । यसका अलवा मेलम्ची नगरपालिका भित्र कार्यक्षेत्र बनाई दर्ता भएका बचत तथा ऋण सहरकारी संस्था, बहुउद्देश्य सहकारी संस्था, कृषि सहकारी संस्था, दुग्ध उत्पादक सहकारी संस्था, महिला सहकारी संस्था लगायत १४६ वटा सहकारी संस्थाहरु रहेका छन् ।

१.२.६ कृषि, उद्योग, व्यवसाय तथा पर्यटन

मेलम्ची नगरपालिका कृषि क्षेत्रको हिसाबले प्रचुर संभावना बोकेको क्षेत्र हो । नगरले कृषि क्षेत्रको विकासलाई आधार स्तम्भको रुपमा अंगिकार गरेकाले सोही बमोजिम कृषि कार्यक्रम अन्तर्गत मकै कोदो पकेट क्षेत्र, सुन्तला कागती पकेट क्षेत्र, किवी पकेट क्षेत्र, चिया पकेट क्षेत्र, तरकारी पकेट क्षेत्र, बासमती धान प्रवर्द्धन जस्ता कार्यक्रमहरु घोषणा गरी कृषि कार्यक्रम संचालन गरिएको छ ।

नगरपालिका क्षेत्र भित्र उद्योग व्यवसायको रुपमा ईन्द्रावती नदी क्षेत्रमा हाल ९ वटा क्रसर उद्योगहरु संचालनमा रहेका छन् । यी क्रसर उद्योग व्यवसायबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा करिव ८५० जना स्थानीय बासिन्दाहरुले रोजगारी पाउँनुका साथै नगरपालिकाको आन्तरिक आम्दानीमा समेत योगदान पुगेको छ ।

साना तथा मझौला खालका कृषि तथा अन्य व्यवसायहरु नगरमा विधिवत रुपमा दर्ता गरी संचालनमा आएका छन् । हालसम्म यस नगरपालिकामा होटल व्यवसाय, थोक तथा खुद्रा व्यापार, फर्निचर, माछा पालन, कुखुरापालन, पशुपालन लगायतका व्यवसाय दर्ता हुन आएका छन् । नगरको पर्यटकीय स्थलको रुपमा मेलम्ची बजार, भोटेचौर चियाबगान, ईन्द्रावती नदी, हैवुङ चिसापानी, तपचुली डाँडा, पाटी भञ्ज्याङ, सुलिकोट ध्याङ, गुफा चाङखु, धौले डाँडा, ककनी आदि प्रमुख रुपमा रुपमा रहेका छन् । यस्ता पर्यटकीय स्थलहरुले नगरको आर्थिक विकासमा थप टेवा पुग्ने देखिन्छ ।

१.२.७ गैर सरकारी संस्था र समूहहरु

नगरपालिका क्षेत्र भित्र विभिन्न किसिमका गैर सरकारी संस्थाहरु संचालनमा रहेका छन । चाइल्ड नेपाल (द साल्भेन्सन नेपाल), माइती नेपाल, टुकी संघ, महिला आत्मनिर्भता केन्द्र, केएर नेपाल, कारितास, हेल्भेटास नेपाल, सि एस आर सि, जर्मन नेप्लिज हेल्प एसोसिएशन, रक्षा नेपाल, रिड नेपाल, काहुराष्ट, टि.पि.ओ. नेपाल, रेष्ट नेपाल, सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च, राष्ट्र निर्माण मञ्च, बि.बि.पि. परिवार, शान्ति फाउण्डेशन ,टिच फर नेपाल, सिप्रेड, टिम नेपाल लगायतका गैर सरकारी संस्थाहरु कार्यरत रहेका छन् । उक्त संस्थाहरुले नगरपालिकाको समन्वयमा पुनर्निर्माण, बालबालिका, शैक्षिक क्षेत्र, स्वास्थ्य क्षेत्र, कृषि क्षेत्र र कानूनी क्षेत्र लगातमा कार्यक्रमहरु संचालन गरेका छन् । नगरपालिका क्षेत्रभित्रका वडास्तरमा विभिन्न वाल

क्लवहरु, महिला समुह, युवा समूह, वचत समूह, आमा समूह, जेष्ठ नागरिक समूह, कृषक समूह आदि संचालनमा रहेका छन ।

१.२.८ सूचना तथा सञ्चार प्रणाली

नेपाल टेलिकम तथा एनसेल प्रा.लि. ले यस नगरपालिकाका विभिन्न स्थानहरुमा दूर सञ्चार सेवाहरु उपलब्ध गराएका छन् । सञ्चार प्रणालीमा हुलाक, निजी कुरियर, टेलिफोन, नमस्ते र स्काई मोबाईलका साथै, ईमेल फ्याक्स तथा इन्टरनेट जस्ता आधुनिक सञ्चार सुविधाहरु नगरपालिकामा उपलब्ध रहेका छन् ।

संचारमा आधुनिक प्रविधिको विकास र प्रयोगको कारण हुलाक सेवा जनताको कम प्राथमिकतामा परेको देखिन्छ । स्थानीय जनताहरु रेडियो, टेलिभिज, विभिन्न किसिमका पत्रपत्रिका आदिको माध्यमवाट सूचनाको पहुँचमा रहेका छन् । रेडियो मेलम्ची, रेडियो सिन्धुको प्रशारण संगै सूचना तथा संचारको पहुँचबाट नगरबासीले प्रत्यक्ष रुपमा फाइदा लिएका छन् ।

१.२.९ यातायात

यस नगरपालिकाका प्राय सवै वडाहरुमा सडकको पहुँच पुगेता पनि हिउदे याममा मात्र सबै सडकहरुमा यातायातका साधनहरु सहज रुपमा संचालन हुने गर्दछन् । मेलम्ची नगरपालिका हुँदै हेलम्बु, ईन्द्रावती र पाँचपोखरी थाङपाल गाउँपालिकासम्म हेलम्बु यातायात र आमा ह्योल्मो यातायात सेवा संचालन हुँदै आएको छ । मेलम्ची नगरपालिका, हेलम्बु, पाँचपोखरी थाङपाल र ईन्द्रावती गाउँपालिकाको प्रवेश द्धारको रुपमा रहेकोले यस क्षेत्रबाट धेरै यातायातका साधानहरु संचालन हुने गरेका छन् ।

१.२.१० खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन

२०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्प पश्चात नगर क्षेत्रका खानेपानीका मुहानहरु सुक्न गएको र अन्यत्र सरेको अवस्था छ । विभिन्न मुहानहरुबाट निस्किएको पानीलाई खानेपानीको मुख्य स्रोतको रुपमा प्रयोग गरिंदै आएको छ । ईन्द्रावती तथा मेलम्ची नदी किनाराका बासिन्दाले उक्त खोलाको पानीलाई खानेपानी भन्दा पनि लुगाधुने र नुहाउने कार्यमा प्रयोग गरेका छन् । नगरका अधिकांश मानिसहरुले धारा तथा पाइपको पानी प्रयोग गरेता पनि केहि मानिसले पँधेरा, नदीनाला आदिको पानी प्रयोग गरेको पाइन्छ । नगरका बासिन्दाहरुको खानेपानीको समस्या समाधान गर्नको लागि नगरपालिकाले विभिन्न संघ संस्थाहरुसंग समन्वय गरी एक घर एक धारा खानेपानी निर्माणको कार्य संचालन गर्दै आइरहेको छ ।

नगरपालिकाको धेरैजसो भूभाग ग्रामिण क्षेत्रमा पर्ने भएकोले उक्त क्षेत्रबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन उपभोक्ता आफैले गर्ने गरेका छन् । वजार क्षेत्रमा उत्पादन तथा संकलन भएको फोहरमैला मेलम्ची नगरपालिका वडा नं. ११ स्थित धितालबेंसीमा अस्थायी ल्यान्डफिल्ड निर्माण गरी व्यवस्थापन गरिंदै आएको छ । फोहोरमैलाको दिर्घकालीन व्यवस्थापनको लागि मेलम्ची नगरपालिका वडा नं. ११ स्थित

धितालबेंसीमा स्थायी फोहरमैला व्वस्थापन घरको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । फोहरमैलाको दीगो व्यवस्थापनको लागि मेलम्ची नगरपालिका र ब्लु वेष्ट टु भ्यालु, काठमाडौंसंग नगरको फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा सम्झौता भएको छ र यो सम्झौता पश्चात नगर भित्रका बजार क्षेत्रका फोहरमैलाको उचित व्यवस्थापन हुनेछ ।

१.२.११ सामुदायिक तथा सस्थागत विद्यालय

मेलम्ची नगरपालिका क्षेत्र भित्र सामुदायिक क्याम्पस दुई वटा, सामुदायिक विद्यालय बैसठी वटा, संस्थागत विद्यालय छ वटा, सामुदायिक सिकाई केन्द्र चार वटा, समुदायमा आधारित बाल विकास केन्द्र छपन्न वटा, श्रोत कक्षा एक वटा, प्राविधिक शिक्षा संचालन भएका विद्यालय दुई वटा र वैकल्पिक विद्यालय एक वटा रहेका छन् ।

१.२.१२ स्वास्थ्य

मेलम्ची नगरपालिका क्षेत्रभित्र प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी १०, पोलिक्लिनिक निजी १, डेन्टल निजी २, शहरी स्वास्थ्य केन्द्र २, आर्युवेद औषधालय २, एकिकृत सेवा केन्द्र १, शहरी स्वास्थ्य इकाई २, आँखा उपचार केन्द्र १, भोटेचौर स्वास्थ्य सेवा संचालन समिति १, नौलिङ स्वास्थ्य सामुदायिक समिति १, धुलिखेल अस्पताल आउटरिच क्लिनिक १ र मेलम्ची अस्पताल १ रहेका छन् । माथि उल्लेख भएका स्वास्थ्य संस्थाहरुबाट यस नगरभित्र आधारभूत स्वास्थ्य सेवा प्रदान गरिंदै आएको छ ।

२. कार्य क्षेत्र

नेपालको संविधान, २०७२ को अनुसूची– ८ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको अधिकार क्षेत्र र नगरपालिकाबाट निर्माण गरिएका ऐन, नियम तथा कार्यविधि भित्र रही मेलम्ची नगरपालिकाले देहायका मुख्य क्षेत्रमा कार्य गर्दै आएको छ :

- स्थानीय पूर्वाधार निर्माण
- शिक्षा, स्वास्थ्य, कृषि विकास, पशु सेवा
- युवा, खेलकुद, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक
- सहकारी संस्थाहरुको कानून, नीति निर्माण, कार्यान्वयन र नियमन
- स्थानीय कर, सेवा शुल्क र दस्तुर सम्बन्धी कानून निर्माण, नियमन तथा संकलन
- बजार अनुगमन, आधारभूत स्वास्थ्य र सरसफाई तथा स्थानीय हाटबजारको व्यवस्थापन
- न्यायिक सम्पादन
- विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, नदीजन्य पदार्थ संकलन, उत्खनन् तथा नियमन ।
- सामाजिक सुरक्षा तथा गरिबी निवारण

- व्यक्तिगत घटना दर्ता
- स्थानीय अभिलेख संकलन तथा व्यवस्थापन

३. कानूनी क्षेत्राधिकार

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐनको अधिनमा रही मेलम्ची नगरसभा र नगर कार्यपालिकाबाट हालसम्म स्वीकृत गरेका देहायका ऐन, नियमावली तथा कार्यविधि अन्तर्गत रही नगरपालिकाले कार्य गर्दै आइरहेको छ :

क्र.सं.	कानूनको विवरण	कैफियत
१	मेलम्ची नगरपालिकाको शिक्षालाई व्यवस्थित गर्ने बनेको ऐन, २०७५	ऐन
२	मेलम्ची नगरपालिकाको शिक्षालाई व्यवस्थित गर्ने बनेको ऐन, २०७५ को प्रथम संसोधन २०७५	ऐन
३	मेलम्ची नगरपालिकाको सहकारीको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५	ऐन
४	मेलम्ची नगरपालिकाको सहकारीको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को प्रथम संसोधन, २०७५	ऐन
५	मेलम्ची नगरपालिकाको सार्वजनिक लिखत प्रमाणीकरण र प्रकाशन (कार्यविधि) को सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५	ऐन
६	सार्वजनिक नीजि साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५	ऐन
७	मेलम्ची नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने बनेको ऐन, २०७५	ऐन
८	मेलम्ची नगरपालिका व्यवसाय दर्ता ऐन, २०७५	ऐन
९	मेलम्ची नगरपालिकाको बजार अनुगमन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७५	ऐन
१०	विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलावायु उत्थानशील नगर निर्माणको लागि बनेको ऐन, २०७५	ऐन
११	एम एम रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७५	ऐन
१२	मेलम्ची नगरपालिकाको नगर प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५	ऐन
१३	न्यायिक समितिको कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५	ऐन
१४	सम्पत्ति कर लगाउने (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५	ऐन
१५	मेलम्ची नगरपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६	ऐन
१६	मेलम्ची नगरपालिकाको स्वास्थ्य सरसफाई सम्बन्धी ऐन, २०७६	ऐन

१७	मेलम्ची नगरपालिकाको शिक्षालाई व्यवस्थित गर्ने बनेको ऐन, २०७५ को दोश्रो संसोधन, २०७७	ऐन
१८	मेलम्ची नगरपालिकाको संस्था दर्ता ऐन, २०७६	ऐन
१९	मेलम्ची नगरपालिका नगर कार्यपालिका (कार्य विभाजन) नियमावली,२०७४	नियम
२०	मेलम्ची नगरपालिका नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली,२०७४	नियम
२१	मेलम्ची नगरपालिकाको सहकारी नियमावली, २०७६	नियम
२२	मेलम्ची नगरपालिका नगरसभा संचालन सम्बन्धी कार्यविधि २०७४	कार्यविधि
२३	मेलम्ची नगरपालिका नगर कार्यपालिका बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४	कार्यविधि
२४	"घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४	कार्यविधि
२५	मेलम्ची नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५	कार्यविधि
२६	टोल विकास संस्था संचालन कार्यविधि, २०७५	कार्यविधि
२७	अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५	कार्यविधि
२८	मेलम्ची नगरपालिकाको ब्याक हो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७५	कार्यविधि
२९	मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५	कार्यविधि
३०	मेलम्ची नगरपालिका क्षेत्रभित्रका नदी, खोला, खोल्सीहरुबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र उपयोग सम्बन्धी कार्यविधि, २०७६	कार्यविधि
३१	सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि, २०७६	कार्यविधि

भाग-दुई

२.१ वडागत वस्तुगत विवरण

(क) हालको अनुमानित जनसंख्या, क्षेत्रफल तथा जातिगत घरधुरी विवरण

वडा नं.	जनसंख्या			क्षेत्रफल	जम्मा घरधुरी					
	महिला	पुरुष	जम्मा	वर्ग कि.मि.	ब्राम्हण	क्षेत्री	दलित	जनजाती	अन्य	जम्मा
१	३१२०	२८८०	६०००	९.३३	४९०	२८३	१८३	२६७	—	१२२३
२	८१२	७६९	१५८१	४.४४	४७२	५०	५६	१६६	—	५४४
३	१३१०	११७४	२४४८	१४.५३	४२	८२	६४	५५६	२६	७७०
४	३२३८	२८११	६०४९	१९.१३	१०३	२०८	५	१११७	—	१४३३
५	२२११	१९९४	४२०५	९.६२	४५४	७६	२५६	१८७	—	९७३
६	२३४५	२२७५	४६२०	१२.७	१३०	४००	७०	३००	—	९००
७	२४४६	२४५१	४८९६	१२.९२	२५	३१	१६०	६३७	३४०	११९३
८	२४६१	२०३९	४५००	७.४५	३७	—	५२	३७१	३०७	७६७
९	३८८९	३७१७	७६०६	१८.९	२०	४५०	१०७	५००	४६३	१५४०
१०	२४८३	२४४२	४९२५	९.७	२०	३५५	१८०	३०७	२८९	११५१
११	३७९९	३७३६	७५३५	१२.७५	२६५	४४५	९५	५३५	४४०	१७८०
१२	३१५०	३१५२	६३०३	१४.८७	३२०	३००	१०	६५०	८७	१३६७
१३	२४२५	२६२७	५०५२	११.८७	४०५	४०९	१००	४१५	११	१३४२
जम्मा	३३६८९	३२०६७	६५७२०	१५८.१७	२५८३	३०८९	१३३८	६००८	१९६३	१४९८३

(ख) वडामा बसोबास गरेका प्रमुख जातजातीहरुको विवरण

वडा नं.	वडामा बसोबास गरेका प्रमुख जातजातीहरु
१	ब्राम्हण, क्षेत्री, तामाङ, दलित (बि.क. र नेपाली)
२	ब्राम्हण, क्षेत्री, तामाङ, दलित (नेपाली)
३	तामाङ, गुरुङ्ग, ब्राम्हण, क्षेत्री, दलित, मगर
४	ब्राह्मण, क्षेत्री, तामाङ, नेवार, दलित

५	ब्राम्हण, क्षेत्री, तामाङ, लामा, मगर, नेपाली, नेवार, कामी, सार्की
६	क्षेत्री, ब्राम्हण, नेवार, दलित, तामाङ, लामा, मगर, घर्ती, सार्की
७	ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, गिरी, भारती, नेपाली, विश्वकर्मा, घले, सार्की
८	ब्राम्हण, नेवार, तामाङ, गिरी, पुरी, विश्वकर्मा, नेपाली
९	ब्राम्हण, क्षेत्री, गिरी, पहरी, भारती, मिजार, बि.क., शेर्पा, गुरुङ्ग, नेपाली
१०	ब्राम्हण, क्षेत्री, तामाङ, नेवार, मगर, माझी, दनुवार, भुजेल, सुनार, वि.क., गिरी आदि ।
११	ब्राम्हण, क्षेत्री, नेवार, दनुवार, भुजेल, पुरी, दमाई, कामी, सार्की, गुरुङ्ग, मगर, तामाङ, घले आदि
१२	क्षेत्री, ब्राम्हण, तामाङ, माझी, नेपाली, नेवार, विश्वकर्मा, मगर, दनुवार
१३	क्षेत्री, ब्राम्हण, तामाङ, माझी, दनुवार, नेपाली, नेवार, सार्की, विश्वकर्मा, मगर, दनुवार, पहरी

(ग) धार्मिक तथा पर्यटकीय स्थल र मठमन्दिरको विवरण

वडा नं.	धार्मिक स्थलहरु	पर्यटकीय स्थलहरु	प्रसिद्ध मठ मन्दिरहरु
१	कुण्डेश्वर, केदारेश्वर, सिद्देश्वर, जर्केश्वर, सधासिवगुफा, क्षेत्रपाल भुमेस्थान	पाताल गुफा, कुण्डेश्वर क्षेत्र, सिद्देश्वर क्षेत्र,	ज्रकेश्वर महादेव, सिद्देश्वर महादव, कुण्डेश्वर
२	सिद्धेश्वरी, तपचुली	तपचुली क्षेत्र, चियाबगान, काठेखोला झरना	सिद्धेश्वरी मन्दिर, तपचुली मन्दिर, अर्चले देवी मन्दिर, जाल्पा देवी , जाल्पा देवी, सेती देवी, काठेभुमे ।
३	लोकेश्वरी, भुमेस्थान (सेल्वनस्थान), भुमेस्थान (हैबुङ्ग)	ओखेनीडाँडा, बालुवाडाँडा, चिसापानी, रेन्वोट्राउट फर्म, दह पोखरी, पाटी भञ्ज्याङ्ग, मजुवाधाप	कालिका देवी मन्दिर, लोकेश्वरी महादेव मन्दिर, सेल्वन भुमेस्थान मन्दिर, देवीस्थान मन्दिर, जल्वीदेवी मन्दिर, बरगाङ्ग मन्दिर
४	धैलेश्वरी, चण्डेश्वरी, पञ्चकन्या, साङ्री महादेवी ऋषेश्वर	थनाभञ्ज्याङ्गगढी, धौलेश्वरी, पाटीभञ्ज्याङ्ग, चिप्लिङ लाप्चो	धैलेश्वरी, चण्डेश्वरी, राउत कुलायन मन्दिर, जलमुखी मन्दिर, पञ्चकन्या मन्दिर, ऋषेश्वर साङ्री महादेवी, , कालिसेती मन्दिर, श्रीकृष्ण मन्दिर, धौलेश्वरी गुम्बा
५	–	सुलिकोट डाँडा, धौले	कोट देवी, भिमसेनस्थान मन्दिर, कालिका स्थान मन्दिर, भेमेस्थान मठ, चिलौने पाखा भुमेस्थान, तल्लो सुलिकोट भुमेस्थान, तल्लो सुलिकोट घ्याङ गुम्बा, किल्कुङ्ग गुम्बा, जम्दार किलकुङ्ग गुम्बा, तल्लो सुलिकोट घ्याङ्ग गुम्बा ।

६	धौलेश्वरी	धौले	धौलेश्वरी मन्दिर
७	–	सेल्ले पोखरे, विचारीचौर	गोल्मेश्वरी शिव मन्दिर, भुपेश्वर मन्दिर, कालिका देवी मन्दिर, पञ्चकन्या मन्दिर, सुन्दरी देवी मन्दिर, जलेपा देवी मन्दिर, गोल्माथान मन्दिर, भिमसेन मन्दिर, भैरवी देवी मन्दिर, बुजना देवी मन्दिर, तेरमाने (सनखानी), तेरमाने (छाप), तेरमाने (सेले), तेरमाने (ताप्रसा), तेरमाने (धार्ना)
८	–	ककनी	भिमसेन मन्दिर, लाफाप छोर्तेन माने गुम्बा, बुगाउँ माने गुम्बा, भैंसे माने गुम्बा
९	गोल्मास्थान, नौलिङ्गेश्वरी	गोल्मास्थान, नौलिङ्गेश्वरी, सातधारा, गुफा, मुलखर्क	गोल्मास्थान मन्दिर, नौलिङ्गेश्वरी मन्दिर, सातधारा मन्दिर, , सातकन्या देवी, मंकाल भैरव, कालिका देवी, पञ्चकन्या देवी, बछुलामाई देवी, सेती देवी, काँडादेवी मन्दिर, छेतेलिङ्ग गुम्बा ।
१०	–	मेलम्ची सिटी पार्क	शितलेश्वरी महादेव तथा शितलादेवी मन्दिर, खडिका देवी मन्दिर, सिकारी देवी मन्दिर, वनकाली देवी मन्दिर, खड्ग देवी मन्दिर, बछला देवी मन्दिर, क्षेत्रपालेश्वरी मन्दिर, सेती देवी मन्दिर, हिरा देवी मन्दिर ।
११	दोभानटार इन्द्रेश्वर महादेवस्थान,	धुसेनी चौर, धौले, मेलम्ची बजार, अम्फेचौर छोर्तेन गुम्बास्थल	पञ्चकन्या मन्दिर, कृष्ण मन्दिर, ईन्द्रेश्वर महादेव, आँखीथान मन्दिर, कटुञ्जे देवीस्थान, डडुवा देवीस्थान, पाण्डे भगवती देवीस्थान आदि
१२	–	गिरान्चौर एकिकृत नमूना बस्ती, थाक्ले नमूना बस्ती	कालीदेवी मन्दिर, ज्वालामुखी मन्दिर, भुमेस्थान मन्दिर, संसारी देवी दर्गा मन्दिर, महाकाली मन्दिर, जाल्पा देवी मन्दिर, बजला देवी मन्दिर, गणेस्थान मन्दिर आदि ।
१३	फट्केश्वर, गोल्मादेवी	ईन्द्रावती बगर, फट्केश्वर र	फट्केश्वर मन्दिर, गोल्मादेवी मन्दिर,

		कोटथोक	कालिकादेवी मन्दिर, भिमसेन सेवाथान, पशुपति संगित कला प्रतिष्ठान, कृष्ण मन्दिर, झल्केदेवी मन्दिर, कोटकी देवी

(घ) वडाको सिमाना

वडा नं.	वडाको सिमाना
१	पूर्व : मेलम्ची न.पा. १२ पश्चिम: मेलम्ची न.पा. वडा नं. २ उत्तर: मेलम्ची न.पा. वडा नं. ५ दक्षिण: शंखरापुर न.पा. वडा नं. २
२	पूर्व : सिद्धेश्वर मन्दिर पश्चिम : तपचुली डाँडा उत्तर: ठाडो खोला दक्षिण : ओखेनी खोला
३	पूर्व : मेलम्ची न.पा. २ र ५ पश्चिम: शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज र नुवाकोट जिल्ला उत्तर : ४ नं. वडा थकनी दक्षिण: शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज र मेलम्ची न.पा. २, भोटेचौर
४	पूर्व : सिन्धुकोट र तालामाराङ पश्चिम: शिवपुरी गा.पा.र दुप्चेश्वरी गा.पा., नुवाकोट उत्तर: हेलम्बु गा.पा. महांकाल दक्षिण: हैबुङ्ग र भोटेचौर
५	पूर्व : मेलम्ची न.पा. १२, बाँसवारी पश्चिम: मेलम्ची न.पा ४, थकनी उत्तर : मेलम्ची न.पा. ११, कटुञ्जे दक्षिण: मेलम्ची न.पा.१ र २, भोटेचौर
६	पूर्व : मेलम्ची नदी पश्चिम: मेलम्ची न.पा. ४ थकनी उत्तर: हेलम्बु गा.पा.४ महांकाल दक्षिण: मेलम्ची न.पा. ११ मेलम्ची
७	पूर्व : ईन्द्रावती नदी, मेनपा ९ पश्चिम : मेलम्ची खोला, मेनपा ६ उत्तर : हेलम्बु गा.पा. ३ पाल्चोक दक्षिण : मेलम्ची न.पा. ११, मेलम्ची

८	पूर्व : हेलम्बु गा.पा. ३, पाल्चोक पश्चिम : ईन्द्रावती नदी उत्तर : पाँचपोखरी थाङपाल गा.पा. बाँसखर्क दक्षिण : मेलम्ची न.पा. ७, मेलम्ची
९	पूर्व : ईन्द्रावती गा.पा. १, सिम्पालकाभ्रे पश्चिम : मेलम्ची न.पा. वडा नं. १०, रामपुर उत्तर : पाँचपोखरी थाङपाल गा.पा. वडा नं. ८ लाँगर्चे दक्षिण : मेलम्ची न.पा. वडा नं. १०, शिखरपुर
१०	पूर्व : ईन्द्रावती गाउँपालिका, नवलपुर पश्चिम : ईन्द्रावती नदी उत्तर : काफ्लेखोला, मेनपा ९ दक्षिण : ईन्द्रावती गाउँपालिका, बाँडेगाउँ
११	पूर्व : ईन्द्रावती नदी पश्चिम : मेलम्ची न.पा. ५, सिन्धुकोट उत्तर : मेलम्ची न.पा. ६, नुहारखोला दक्षिण : मेलम्ची न.पा. १२ बाँसवारी
१२	पूर्व : ईन्द्रावती नदी पश्चिम : सिन्धुकोट र भोटेचौर उत्तर : डुँडेखोला र मेलम्ची दक्षिण : जर्केखोला र काठमाडौं
१३	पूर्व : ईन्द्रावती नदी पश्चिम : ढाँडखोला उत्तर : मेनपा वडा नं. १२, बाँसवारी दक्षिण : शंखरापुर न.पा.

(ङ) सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरुको विवरण

वडा नं.	सामुदायिक/सरकारी			संस्थागत		क्याम्पस
	माध्यामिक विद्यालय	आधारभूत विद्यालय	बाल विकास केन्द्र	माध्यामिक विद्यालय	आधारभूत विद्यालय	
१	२	४	७	—	—	१
२	१	१	३	—	—	—
३	१	२	२	—	—	—
४	२	५	५	१	—	—
५	१	३	२	—	—	—

६	२	४	४	—	—	—
७	१	२	३	—	—	—
८	१	१	२	—	१	—
९	२	४	६	—	—	—
१०	१	५	७	—	—	—
११	२	४	४	३	—	१
१२	३	४	६	—	१	—
१३	२	२	५	—	—	—
जम्मा	२१	४१	५६	४	२	२

- संस्थागत बाल वकास संख्या : २ (वडा नं. १ मा १ वटा र वडा नं. ११ मा १ वटा)

(च) स्वास्थ्य संस्थाहरुको विवरण

वडा नं.	अस्पताल	प्राथमिक स्वास्थ्य केन्द्र	शहरी स्वास्थ्य केन्द्र	बर्थिङ्ग सेन्टर	आयुर्वेद स्वास्थ्य संस्था	अस्पताल (निजी)	हेल्थ पोष्ट/स्वास्थ्य इकाई	पोलिक्लिनिक (निजी)	मेडिकल (निजी)	डेन्टल /आँखा	अन्य
१	—	—	—	१	—	—	१	—	१	—	१
२	—	—	—	—	—	—	१	—	—	—	—
३	—	—	—	—	—	—	१	—	—	—	—
४	—	—	—	१	१	—	१	—	—	—	—
५	—	—	—	१	—	—	१	—	१	—	—
६	—	—	—	१	—	—	१	—	१	—	—
७	—	—	—	१	—	—	१	—	२	—	—
८	—	—	—	—	—	—	१	—	—	—	—
९	—	—	१	—	—	—	१	—	—	—	१
१०	—	—	—	—	—	—	१	—	—	—	—
११	—	१	१	१	१	१	—	१	४	३/१	
१२	—	—	—	—	—	—	१	—	२	—	१
१३	—	—	—	—	—	—	१	—	—	—	—
जम्मा	१	१	२	६	२	१	१२	१	११	४	३

(छ) टोल विकास संस्था सम्बन्धी विवरण

वडा नं. १

क्र.सं.	टोल विकास संस्थाको नाम	संस्थाको अध्यक्ष	सम्पर्क नं.
१	भञ्ज्याङ्ग एकिकृत टोल विकास संस्था	कमला निधी धमाल	९७४१०००६१३
२	डिही टोल विकास संस्था	माधव चौलागाईं	९८६११३७२०७
३	निलकण्ठ ठूलो पिपलबोट टोल विकास संस्था	रमेश सेन्चुरी	९८४५२७३८६२
४	सेती देवी टोल विकास संस्था	अम्बर बहादुर थापा	९८४१६३०५०१
५	डाँडा गाउँ टोल विकास संस्था	शिव बहादुर कार्की	९८६१३२५५७७
६	देवीस्थान ठूलोपाटा टोल विकास संस्था	लाल बहादुर तामाङ	९८६१५५१३२४
७	शिव मन्दिर रोक्काटोल टोल विकास संस्था	खिल बहादुर रोक्का	९८४१२०६२८३
८	चिसापानी टोल विकास संस्था	विर बहादुर तामाङ	९८४०१५०१४३
९	मौसमटोल टोल विकास संस्था	आइते तामाङ	९८४९९८५५६८
१०	भुमेस्थान टोल विकास संस्था	चिन बहादुर तामाङ	९८४११४४१५५
११	पाटीगाउँ टोल विकास संस्था	नवराज चैलागाईं	९८४९०६५३५९
१२	महभीर ओखेनी टोल विकास संस्था	पदम प्रसाद चौलागाईं	९८४०१५०१४६
१३	खाल्डे टोल विकास संस्था	देव कुमारी चौलागाईं	९८६१७५३४२५
१४	जर्केश्वरी टोल विकास संस्था	शिवराम चौलागाईं	९८४९७१६०८६
१५	भोटेचौर बजार टोल विकास संस्था	राजेश चौलागाईं	९८४९७०५८६३

वडा नं. २

क्र.सं.	टोल विकास संस्थाको नाम	संस्थाको अध्यक्ष	सम्पर्क नं.
१	डाँडाथोक टोल सुधार समिति	लोकनाथ खतिवडा	९८४९५१२०५०
२	काब्राबोट टोल सुधार समिति	नवराज खतिवडा	
३	ज्योतिषगाउँ टोल सुधार समिति	शंकर खतिवडा	९८४९३३८२८१
४	सुँयलछाप टोल सुधार समिति	भिमसेन दुलाल	९८४११५३८१५
५	५ नं. निबुगाउँ टोल सुधार समिति	हर्क बहादुर तामाङ	९८४९५०६४१५
६	६ नं. निबुगाउँ टोल सुधार समिति	भूपालजित तामाङ	९७४१०००९६८

वडा नं. ३

क्र.सं.	टोल विकास संस्थाको नाम	संस्थाको अध्यक्ष	सम्पर्क नं.
१	सिमचौर टोल सुधार समिति	सुनिल गुरुङ्ग	९८२३३१११५२
२	जल्वीदेवी टोल सुधार समिति	जिवन तामाङ	९८१३०२२६८२
३	मझुवा टोल सुधार समिति	ज्ञान बहादुर गुरुङ्ग	९८४९५०६४०६

४	डाँडाथोक टोल सुधार समिति	मुई लामा	९८४९२८१५०८
५	भुमेस्थान टोल सुधार समिति	मोहलाल दुलाल	९८४९५०१३६५
६	बोब्राङ्ग टोल सुधार समिति	टंक बहादुर तामाङ	९८६०७००२०५
७	दह पोखरी टोल सुधार समिति	राजाराम गुरुङ्ग	९८६०५८६५२०
८	गुरुङ्गगाउँ टोल सुधार समिति	बाबुकाजी गुरुङ्ग	९८६०७३०८२६
९	बाघभैरव टोल सुधार समिति	जिवनसिं लामा	९८४९२०६९०९

वडा नं. ४

क्र.सं.	टोल विकास संस्थाको नाम	संस्थाको अध्यक्ष	सम्पर्क नं.
१	छपेली टोल विकास संस्था	प्रल्हाद राउत	९८४१७९४३१२
२	सानो मुसुरे बगदेवी टोल विकास संस्था	सुदर्शन सिंखडा	९८४०१४७५३२
३	अमले नेवारटोल माझगाउँ टोल विकास संस्था	राजन प्रसाद खनाल	९८४३०५२३८६
४	डाँडा कटेरी गैरीटोल साल्मेटोल विकास संस्था	उर लामा	९८४१६८६२२८
५	सुनखानी बरुटोल बोल्द ओखेनीचौर टोल विकास संस्था	विर बहादुर तामाङ	९८४३५२५६६८
६	साविक वडा नं. ६ टोल विकास संस्था	राकेश तामाङ	९८६९१९२६७३
७	श्री धौलेश्वरी टोल विकास संस्था	कुमार तामाङ	९८६०७३५८७३
८	श्री थानाभङ्याङ्ग टोल विकास संस्था	दिल बहादुर तामाङ	९८६३८१५५५०
९	जनजागरण टोल विकास संस्था	सूर्य बहादुर तामाङ	९८६०९५३६३१

वडा नं. ५

क्र.सं.	टोल विकास संस्थाको नाम	संस्थाको अध्यक्ष	सम्पर्क नं.
१	गैरीगाउँ भिमलडाँडा तिलखोरिया टोल विकास संस्था	विष्णु नेपाल	९८४९१९१७०५
२	गैरीगाउँ ठूलाचौर कात्तिकेछाप टोल विकास संस्था	चन्द्र बहादुर नेपाल	९८४०५००६६६
३	पौडेल, खतिवडागाउँ चनौटे टोल विकास संस्था	बासुदेव सिग्देल	९८६१०१६२२६
४	ढुङ्गेछाप माझिगाउँ टोल विकास संस्था	लोक बहादुर राय	९८६०११९४७०
५	कोटगाउँ टोल विकास संस्था	धन बहादुर मिजार	९८६६५५१८४६
६	ब्लोन, भट्टराई टोल विकास संस्था	थन बहादुर तामाङ	९८६१३००३१०
७	दियाले देउराली टोल विकास संस्था	बुद्धि प्रसाद तिमल्सिना	९८०८८६८१०१२
८	भदौरे मुसुरे टोल विकास संस्था	श्याममणि चौलागाईं	९८५११३६३४०
९	सुलिकोट घ्याङ टोल विकास संस्था	पाल्टेन लामा	९८६०७४६४७५

वडा नं. ७

क्र.सं.	टोल विकास संस्थाको नाम	संस्थाको अध्यक्ष	सम्पर्क नं.
१	ज्योती भङ्ग्याङ्ग टोल विकास संस्था	मंगले तामाङ	९८०८५८५४५०
२	सुन्दरी देवी टोल विकास संस्था	सिर्ज तामाङ	९८१८८८७७८
३	जनसुधार समाजसेवी टोल विकास संस्था	ध्रुव श्रेष्ठ	९८१८५५९४२७
४	ठूलोचौर टोल विकास संस्था	सुर्ज तामाङ	९८१३७०००७०
५	भैरवी देवी पोखरे टोल विकास संस्था	भिम तामाङ	९८०८८८३९८३
६	काफलगैरी भिमसेनथान टोल विकास संस्था	राजुलाल श्रेष्ठ	९८१८१२७०९७
७	सुनखानी सरलथोक टोल विकास संस्था	विक्रम तामाङ	९८१३९४०३३७
८	ताप्रासा विचारीचौर पोखरे टोल विकास संस्था	बुतन तामाङ	९८०३७९९५०७
९	गोल्मेश्वर टोल विकास संस्था	दुर्गालाल श्रेष्ठ	९८६१५०५९५१
१०	जलेपादेवी टोल विकास संस्था	रोहित श्रेष्ठ	९८१८२३३११०
११	धार्ना टोल विकास संस्था	प्रेम बहादुर तामाङ	९८१८७४८४१९
१२	छाप घले टोल विकास संस्था	टंक बहादुर तामाङ	९८१८२५५३०३
१३	प्रज्ञा मिश्रित टोल विकास संस्था	पौडेल स्याङतान	९८०८२९०८८४
१४	भट्टार भन्जेरुम्टा टोल विकास संस्था	लेकमान तामाङ	९८२३०८५६६०
१५	कालिका देवी टोल विकास संस्था	सुर बहादुर गिरी	९८२३८२६८११

वडा नं. ८

क्र.सं.	टोल विकास संस्थाको नाम	संस्थाको अध्यक्ष	सम्पर्क नं.
१	चन्द्रसूर्य सामुदायिक टोल विकास संस्था	ज्ञानेन्द्र गिरी	९८०१०७५५७०
२	मिलनसार सामुदायिक टोल विकास संस्था	जल बहादुर तामाङ	९८०३३९८६३२
३	प्रगतीशिल सामुदायिक टोल विकास संस्था	कान्छामान तामाङ	९८१३५६२४२७
४	भिमेश्वर सामुदायिक टोल विकास संस्था	डोटीलाल गिरी	९८१८१८५६९५
५	उज्जवल सामुदायिक टोल विकास संस्था	अर्जुन गिरी	९८०८५९५२६९
६	लाभगाउँ सामुदायिक टोल विकास संस्था	ग्याल्जेन तामाङ	९८१३३७३९५६
७	शान्ति पाइला सामुदायिक टोल विकास संस्था	सोम बहादुर तामाङ	९८०८६५२४१८
८	भैंसे सामुदायिक टोल विकास संस्था	पूर्ण तामाङ	९८१८८३०८५५

वडा नं. ९

क्र.सं.	टोल विकास संस्थाको नाम	संस्थाको अध्यक्ष	सम्पर्क नं.
१	सातकन्या टोल विकास संस्था	प्रकाश खड्का	९८४१९९२६३९
२	सिरानटोल टेल विकास संस्था	मान बहादुर तामाङ	९८४३०५५५२२
३	जनता मा.वि. टोल विकास संस्था	भेष बहादुर कार्की	९८४९७०४२४६

४	लालिगुराँस टोल विकास संस्था	मंगल घले	९८०३६९९९११
५	पञ्चकन्या टोल विकास संस्था	लिला बहादुर तामाङ	९८०३६१७०११
६	चौतारी टोल विकास संस्था	गुणराज गिरी	९८०८५५१९६६
७	गोल्मास्थान टोल विकास संस्था	गोकुल धिताल	९८६१०५३१७४
८	गैरीडाँडा टोल विकास संस्था	इन्द्रराज खड्का	९८४५०६३२७५
९	गुफाटोल टोल विकास संस्था	शेरफ तामाङ	९८४३५८४४७६
१०	पैयाँडाँडा टोल विकास संस्था	नेमा तामाङ	—
११	सातकन्या डब्ल्याङ टोल विकास संस्था	हित बहादुर पाखिन	९८१३५४९७६२

वडा नं. १०

क्र.सं.	टोल विकास संस्थाको नाम	संस्थाको अध्यक्ष	सम्पर्क नं.
